# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, माघ १७ गते २०५६ साल (संख्या ४१


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी आयकर दर्ता प्रमाणपत्र लिई नसकेका तथा प्रमाणपत्र लिएता पनि आफ्नो आ. ब. २०५१।५२ र सो भन्दा अघिका आ. ब. हरु देखिको आय विवरण पेश नगरेको करदाताहरुको कर निर्धारण गर्ने प्रयोजनको लागि खुद आय निर्धारण गराउन देहाय बमोजिमको आय निर्धारण समिति गठन गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. समितिको गठनविधिः

(क) कर विभागका महानिर्देशकले तोकेको रा.प. द्वितीय श्रेणीका अधिकृत — अध्यक्ष

(ख) स्थानीय भंसार कार्यालयका प्रमुख वा निज नभएको ठाउँमा मूल्य अभिवृद्धि कर कार्यालयका प्रमुख वा निजहरुले तोकेको अधिकृत— सदस्य

(ग) सम्बन्धित कर कार्यालयका प्रमुख वा निजले तोकेको कर अधिकृत— सदस्य

२. समितिलाई प्रदान गरिएको अधिकारः

(क) आयकर ऐन, २०३१ अनुसार कर अधिकृतलाई भएको अधिकार,

(ख) आयकर ऐन, २०३१ को दफा १७ क. अन्तर्गतको साना करदाताको कर निर्धारण गर्ने अधिकार,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

326

(ग) आयकर ऐन, २०३१ को दफा ३७ को उपदफा (३) अनुसार कर अधिकृतलाई भएको अधिकार,

(घ) आयकर ऐन, २०३१ को दफा ४६ को खानतलासी गर्ने अधिकार,

(ङ) आयकर ऐन, २०३१ को दफा ५९ को उपदफा (३) अनुसार महानिर्देशकलाई भएको अधिकार ।

३. समितिको कार्यावधि:

समितिको कार्यावधि २०५६ पुष १ गतेदेखि २०५७ आषाढ मसान्तसम्म नेछ

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सूचना तथा संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले दूरसञ्चार नियमावली, २०५४ को नियम ३५ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची ३ को खण्ड (अ) मा रहेका "अधिकृत पूँजी" भन्ने शब्दहरूको सट्टा "कुल पूँजी (Net Worth)" भन्ने शब्द राखेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।